NHS

तपाईंको भनाइ राख्नुहोस् – सबै टिप्पणी र प्रतिक्रिया 30 नोभेम्बर 2020 सम्म प्राप्त हुनु पर्दछ।

# इङ्ल्यान्डमा रहेका सशस्त्र बलका परिवारहरूका लागि स्वास्थ्य र कुशलता सहायतामा सुधार

*एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधार प्रकाशन अनुमोदन सन्दर्भ संख्याः PAR204*

## प्राक्कथन



**क◌ेट डेभिस, सिबिई**
**सशस्त्र बल स्वास्थ्य, एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधारको निर्देशक**

धेरैजसो सशस्त्र बलका परिवार स्वस्थ जीवनको बिताइरहेका छन्, तर हामीलाई थाहा छ कि सैन्य जीवनको अनुपम परिस्थिति केहीलाई दबाव दिनसक्छ, जस्तै

- तैनाती वरिपरि तनाव
- परिवार र साथीहरूबाट अलग र सामाजिक बिछोडको अवधि
- तैनातीबाट फर्केर आए पछि परिवारका सदस्यहरूसँग समायोजनमा कठिनाई खास गरेर यदि यो परिचालन भ्रमण थियो भने
- कसैको शारीरिक र/वा मानसिक स्वास्थ्यमा परिवर्तन स्वीकार गर्ने र सामना गर्ने लगायत रेखदेख सम्बन्धी जिम्मेवारीहरू
- प्रत्येक केही वर्षमा बढिरहेको र रेखदेकको निरन्तरतामा यसले पार्न सक्ने प्रभाव
- शोकसँग सामना

जबसम्म यो दबाव व्यक्तिको स्वास्थ्य र कुशलतालाई प्रभावित गर्न सक्छ, प्रत्येक व्यक्ति फरक हुन्छ र त्यसैले उनीहरूको स्वास्थय आवश्यकता हुन्छ।
एनएचएस इङ्ल्यान्डमा सेवा प्रदान गर्ने कर्मचारीको परिवारका लागि स्वास्थ्य सेवा प्रदान गर्दछ (नियमित र आरक्षित) जो एनएचएस जिपी अभ्यास र भूतपूर्वहरूका परिवारसँ पञ्जीकरण गरको छ। यद्यपि हामीलाई थाहा छ कि एनएचएसमा सबैले सशस्त्र बलका परिवारको विशेष स्वास्थ्य आवश्यकतालाई र उनीहरू सशस्त्र बल अनुबन्ध अन्तर्गत के का हदकार छन् भन्ने बुझ्दैनन्। हामीलाई यो पनि थाहा छ कि केही सशस्त्र बलका परिवारलाई उचित रखदेख र सहायता प्राप्त गर्न समस्या छ।

हामीले सशस्त्र बलका परिवारका लागि आफ्नो प्रस्तावलाई सुधार गर्न चाहन्छौं र यस संलग्नताले हामीले यो कसरी गर्न सकछौं भन्ने बताउन महत्त्वपूर्ण मौका हो।
हामी चाहन्छौं कि सशस्त्र बलका परिवार इङ्ल्यान्डको सबै भागमा एनएचएस सेवा सजिलै प्राप्त गर्न सकुन। हामी यो पनि चाहन्छौ कि उनीहरूले आफ्नो स्वास्थ्य र कुशलताको आवश्यकतालाई बुझ्ने चिकित्सक र कर्मचारीबाट रेखदेख र सहायता प्राप्त गरोस्। यो गर्नका लागि सम्भावित उपायहरूमध्ये एउटा परिवार सहायता नेटवर्कको माध्यमबाट हुन सक्छ।

हामीसँग इङ्ल्यान्डको केही भागमा धेरै प्रभावकारी नेटवर्क छ, जुन सशस्त्र बलको परिवारको स्वास्थ्य सेवाको अनुभवलाई सुधार गर्न ध्यान केन्द्रित गर्दछ, र यसमा भएको प्रतिक्रिया वास्तवमा सकारात्मक छ। धेरैजसो क्षेत्रहरूमा, यद्यपि, यी लिङ्कहरू अनौपचारिक छन् र जति हुन सक्नु पर्ने हो त्यति विकसित छैनन्।

पहिले देखि अवस्थित नेटवर्कलाई सहायता गर्नुहोस्

- सशस्त्र बलको परिवार र हेरचाह गर्नेका लागि सम्पर्क बिन्दुको रूपमा काम गर्नुहोस्, एनएचएसलाई नेभीगेट गर्नका लगि मद्दत गर्न सहायता प्रस्ताव गर्नुहोस्
- सशस्त्र बलाका परिवार र हेरचाह गर्नेसँग ती चुनौतिहरू र मुद्दालाई बुझ्नका लागि काम गर्दछ जसलाई उनीहरूले स्वास्थ्य सेवासम्म पुग्न र उपयोग गर्दा अनुभव गर्दछन् र यसमा कसरी ध्यान दिन सकिन्छ
- सशस्त्र बलका परिवारको स्वास्थ्य आवश्यकताहरूलाई राम्ररी बुझ्नमा मद्दत गर्नका लागि स्वास्थ्य सेवा र अन्य पेशाकर्मीसँग प्रशिक्षण र जानकारी साझा गर्नुहोस्

- सूचना र प्रशिक्षण सामग्रीहरू सैन्य जीवनलाई प्रतिबिम्बित गर्दछ भन्ने सुनिश्चित गर्नका लागि सशस्त्र बलका परिवारसँग काम गर्नुहोस्
- सशस्त्र बलका च्याम्पियनलाई प्रशिक्षित गर्नुहोस् जो एनएचएस सेवासम्म पुग्ने र उपयोग गर्ने बेला सैन्य पृष्ठभूमि भएको मान्छे र उनीहरूका परिवारलाई समर्थन गर्नका लागि एनएचएससँग काम गर्दछ।
-

यो महत्त्वपूर्ण छ कि इङ्ल्यान्ड भरी सबै सशस्त्र बलका परिवारलाई विभिन्न प्रकारको स्वास्थ्य र कुशलता सहायता उपलब्ध छ र हामीलाई यो गर्नेका लागि तपाईंको विचारको आवश्यकता छ।

तपाईंको सहयोगले, हामी सशस्त्र बलका परिवारका लागि एनएचएसको उपयोग गर्न सजिलो बनाउन चाहन्छौं, जसले गर्दा हामीले राम्रो हेरचाह, उपचार र सहायता प्रदान गर्दछौं।

हामी मान्यता दिन्छौं कि कोभिड-19 को परिणामस्वरूप हामीमध्ये धेरैजसो मान्छेका लागि वस्तुहरू धेरै फरक छन्, विशेष गरेर प्रभावित केही समुदायका लागि। सशस्त्र बलको समुदाय यसबाट मुक्त छैनन् र हामीलाई थाहा छ कि कतिपय सेवारत कर्मचारी र भूतपूर्वहरूलाई एनएचएसमा पुनः नियुक्ति गरिएको छ। तिनीहरूप्रति हामि कृतज्ञता व्यक्त गर्न चाहन्छौं जसले यस राष्ट्रिय प्रयासको समर्थन गरेको छ र यसले गर्दा उनीहरूको परिवारमा परेको प्रभावको पहिचान गर्ने अवसर प्राप्त गरेको छ।

यी अभूतपूर्व समय र दबाव तथा चिन्ताको बावजुद हामी सबैका लागि, एनएचएस यस परिवर्तनको अनुकूल छ र सशस्त्र बलका परिवारको हेरचाह र सहायतामा सुधारका लगि प्रतिबद्ध छन्। महामारीप्रति हाम्रो प्रतिक्रियाको एक अंशको रूपमा, हामीलाई नेसनल भ्वाइस, स्वास्थ्य र केयर च्यारिटीको गठबन्धनले तल दिइएका पाँचवटा सिद्धान्तहरू पालन गर्नका लागि हामीलाई भनेका छन्। यो हाम्रो अभिप्राय हो कि हामी यस संलग्नताबाट यी सिद्धान्तहरू पालना गर्दछौं र जब हामी निष्कर्ष उपर विचार गर्छौं र अब हामी के गर्छौं, त्यसको निर्णय लिन्छौः

- परिवर्तनबाट प्रभावित हुने सबैलाई सक्रिय रूपले संलग्न गराउनुपर्छ।
- सबैको कुरा गर्नुहोस् कसैलाई पनि पछाडि नहोड्नुहोस्
- असमानतालाई टाउको माथि सामना गर्नुहोस्।
- व्यक्तिगत हेरचाहलाई बलियो बनाएर श्रेणीलाई होइन व्यक्तिलाई चिन्नुहोस्।
- स्वास्थ्य, हेरचाह र सहायतालाई समान रूपले समर्थन गर्नुहोस्।

हामी तपाईंका विचारलाई मन पराउछौं र तपाईंको विचारले सशस्त्र बललाई मद्दत मिल्नेछ।

कृपया यस प्रश्नावलीमा भाग लिएर आफ्नो विचार र अनुभव हामीसँग साझा गर्नुहोस्

तपाईंको रुची र समयका लागि धन्यवाद।

## हामीले सशस्त्र बलको परिवारको स्वास्थ्य आवश्यकतामा किन ध्यान दिनु पर्छ

हामीले भर्खरका वर्षहरूमा प्रगति गरेका छौं कि हामीले भूतपूर्वको हेरचाह कसरी गर्दछौं, यो महत्वपूर्ण छ कि हामी विभिन्न सशस्त्र वल समुदायको विभिन्न स्वास्थ्य र कुशलताको आवश्यकतालाई समर्थन गर्न मद्दत गरौं, जसमा परिवार पनि समावेश छन्।

यी विभिन्न स्वास्थ्य र कुशलताको आवश्यकतालाई प्रभावकारी तरिकाले पुरा गर्न सक्षम हुनु महत्त्वपूर्ण हो, किनभने एक जनाको खराब स्वास्थ्य अरूको स्वास्थ्यलाई प्रभावित गर्न सक्छ। उदाहरणका लागि, जब एक जना साथी वा परिवारको सदस्यलाई मानसिक वा शारीरिक स्वास्थ्य स्थिति हुन्छ, भने यसले परिवारको बाँकी सदस्यको मानसिक स्वास्थ्य र कुशलतालाई प्रभावित गर्न सक्छ।

किङ्ग्स कलेज, लन्डनमा हालसालै गरिएको स्पेस अध्ययन[3]मा पाइएको छ कि प्याटर्नल पोस्ट ट्रम्याटिक स्ट्रेस डिजअर्डर (पिटिएसडी) बच्चा र वेशेष गरेर सानो बच्चा र केटाहरूको बिचमा सक्रिय रूपमा सम्बन्धित थियो। यी परिणामहरूले सैन्य परिवारका लागि उचित प्रमाण-आधारित हस्तक्षेप सुनिश्चित गर्नको महत्व माथि प्रकाश पार्दछ।

जहाँ यो मामला छ, हामीलाई थाहा छ कि केही सशस्त्र बलका परिवारहरू एक्लै यो काम गरिरहेका छन् र सहयोग माग्न असमर्थ महसुस गर्दछन् वा स्वीकार गर्दछन् कि उनीहरू सामना गर्दैनन्। आइसोलेसनको भावनालाई हरेक केही वर्षमा स्थानान्तरित गर्ने परिवारका लागि झन खराब बनाउन सकिन्छ।

हामीलाई यो पनि थाहा छ कि केही सशस्त्र बलका परिवारलाई एनएचएस सेवासम्म पुग्न समस्या हुन्छ, उदाहरणका लागि जब उनीहरू एनएचएस प्रतिक्षा सूचीको बीचमा अगाडि बढ्छन् र जब सेवाको लामो प्रतिक्षा सूची वा उपचारको लामो अवधि हुन्छ, जस्तै दन्त चिकित्सा र बाल स्वास्थ्य सेवा।

यसको अतिरिक्त, हामीलाई थाहा छ कि एनएचएसका केही कर्मचारी सशस्त्र बलका परिवारको विशेष स्वास्थ्य आवश्यकताहरूबाट अन्जान छन् जब कि केही सशस्त्र बलका परिवारहरूलाई यकिन छैन कि एनएचएस सेवा उनीहरूका लागि उपलब्ध छन्।

यी सबै समस्याहरू सशस्त्र बलका परिवारहरूका लागि कठिन स्थिति उत्पन्न गर्न सक्छ र कठिन अवस्था सृजना गर्न सक्छ।मुश्किल स्थिति हामीले एउटा त्यस्तो प्रणाली विकसित गर्न चाहन्छौ जुन उनीहरूको स्वास्थ्य र कुशलताको आवश्यकतालाई सहयोग गर्छ र बुझ्छ।

यही कारण छ कि हामी सशस्त्र बलका परिवारहरूका लागि समर्थनमा सुधार देखिरहेका छौं।

**मामला अध्ययन**

ससेक्स आर्म्ड फोर्सेज नेटवर्क एनएचएस, एमओडी, सशस्त्र बल संरक्षक, मानसिक र शारीरिक स्वास्थ्य चिकित्सक, रोयल ब्रिटिस लिजन, एसएसएएफए र अन्य परोपकारी संस्था र संगठनहरूबाट बनेको छ जुन ससेक्समा छन् (जस्तै, प्रहरी र स्थानीय पदाधिकारी)।

यी संगठनहरू सशस्त्र बल समुदायको जनजीवनलाई सुधार्न मद्दत गर्नका लागि मिलेर काम गर्दछन्।

नेटवर्कमा सेसेक्स भरीका संगठनहरूको च्याम्पियनहरू पनि समावेश छन् जो सशस्त्र बलको समुदायको वकिल हुन र उनीहरूसँग नेटवर्कलाई समर्थन गर्नका लागि सीप र ज्ञान छ, जुन अन्य संगठनहरूसँ जोडेर वा थप सहायताका लागि साइनपोस्टिङ गर्दछ।

## सशस्त्र बलका परिवारका लागि समर्थनमा के सुधार हुन सक्छ?

सशस्त्र बलका परिवारको स्वास्थ्य र कुशलताको आवश्यकता व्यापक छ र यो जटिल हुनसक्छ। यो महत्त्वपूर्ण छ कि हामी यस कुरामा ध्यान दिन्छौं कि एनएचएस यी आवश्यकताहरूलाई लचिलो तरिकाबाट कसरी पुरा गर्न सक्छ।

तपाईं के सोच्नु हुन्छ भन्ने सोध्नका लागि, हामी सशस्त्र बल समुदाय र उनीहरूसँ काम गर्ने संगठनहरूलाई सोध्यौं, तिनीहरूले सोच्यो कि केही सबैभन्दा महत्त्वपूर्ण मुद्दा थियो। उनीहरूले हामीलाई निम्नलिखित आवश्यक छन भनेर भनेः

- हेरचाह र उपचारमा कुनै अवरोध बिना स्वास्थ्य र कुशलता सेवासम्म पहुँचमा सुधार।
- रेखदेख र सहायता जुन बिरामीहरूद्वारा सूचित गरिन्छ।
- सशस्त्र बलको संस्कृतिमा एनएचएस भरी जागरुकता बढ्यो र यसले परिवारको स्वास्थ्य आवश्यकतालाई कसरी प्रभावित गर्न सक्छ।
- व्यक्तिगत हेरचाह र उपचार प्रदान गर्नका लागि बिरामी र परिवारसँग काम गर्ने स्वास्थ्य र हेरचाह कर्मचारी जसले उनीहरुको अनौठो अनुभवहरूको विचार गर्दछन् र उनीहरू सशस्त्र बल अनुबन्ध अन्तर्गत हकदार छन्।
- एनएचएस सेवाका सशस्त्र बलका परिवारहरू बिच जागरुकता बढाउनु र कसरी तिनिहरूको पहुँच पुऱ्याउने हो।
- कलंकको सामना गर्नु सामना नगर्नु वा सहयोग माग्नुसँग सम्बन्धित छ।
- पुरै परिवारलाई सैन्यबाट नागरिक जीवनमा सफलतापूर्वक रूपान्तरणका लागि सहयोग गर्न समर्थन र सल्लाह।
- सशस्त्र बलका परिवारको हेरचाह र सहायतासँगै अवस्थि भूतपूर्वहरूको स्वास्थ्य सेवालाई जोड्नु।

हामी तपाईंको विचार सुन्न चाहन्छौं कि हामीले सशस्त्र बलका परिवारको हेरचाह, उपचार र सहायतामा कसरी सुधार गर्न सक्छौं र के सेटिङ-अफ सहयोग नेटवर्कले सहायता गर्न सक्छ।

हामी सकेसम्म धेरै परिवार, सेवारत सदस्यहरू (नियमित र रिजर्भिस्टहरू) र भूतपूर्वहरूलाई सुन्न चाहन्छौं, यो सुनिश्चित गर्नका लगि कि हामीलाई अधिकार प्राप्त होस्।

## हामी तपाईंको राय र विचार चाहन्छौं

चाहे तपाईं एनएचएस वा रक्षा चिकित्सा सेवाको उपयोग गर्नुहुन्छ, हामी यो सुन्नमा रुची राख्छौं कि तपाईं जे सोच्नु हुन्छ त्यो सशस्त्र बलका परिवारका लागि उपयोगी हुन्छ, जसमा इङ्ल्यान्ड भरीमा परिवार सहायता नेटवर्क स्थापित गर्ने बारेमा तपाईंको विचार समावेश छ।

तपाईंको प्रतिक्रियाको समीक्षा एउटा स्वतन्त्र संगठन, एनइएल कमिसनिङ सपोर्ट युनिटद्वारा गरिनेछ, जसले हामीलाई तपाईंको सोच, विचार, र सम्भावित समाधानको विवरण दिने एउटा प्रतिवेदन प्रदान गर्नेछ।

हामीले वास्तवमा तपाईंको सहयोगलाई महत्त्व दिन्छौं र आशा गर्दछौं कि तपाईं यस अवसरमा छलफलमा सामेल हुनुहुनेछ र हामीलाई आफ्नो विचार पठाउनुहुन्छ।

## हामी कसलाई सुन्न चाहन्छौं?

यो प्रश्नावली मात्र इङ्ल्यान्डमा एनएचएस सेवा समावेश गर्दछ, तर जो कोहीले पनि पनि जवाफ दिनसक्छन्, उनीहरू जहाँसुकै बस्दछन्। हामी सुन्नका लागि उत्सुक छौं:

- सशस्त्र बलका परिवार- सेवारत र भूतपूर्व (नियमित र रिजर्भिस्ट) परिवार, साथी, पत्नी, पति, आमाबुवा, बच्चा, युवा, भाइ-बहिनी र हेरचाह गर्ने
- जो व्यक्ति ब्रिटिस सशस्त्र बलमा काम गरिरहनु भएको छ, (चाहे नियमित वा रिजर्भिस्टको रूपमा)
- भूतपूर्व – जो कोही पनि एक दिन वा त्यसभन्दा बढी समयसम्म ब्रिटिस सशस्त्र बलको सदस्य रहेका छन्। यसको अर्थ पूर्व-सेवाकर्मी जस्तै हो र यसमा रिजर्भिस्ट र नियमित समावेश छ
- सशस्त्र बल र मुख्यधारको च्यारिटी, साथै स्वेच्छिक क्षेत्रका संगठन जुन सशस्त्र बल समुदायलाई सहायता गर्दछ, विशेष गरेर सेवारत र पूर्व-सेवारत कर्मचारीहरूको परिवारमा।

तपाईंको प्रतिक्रियाले हामीलाई इङ्ल्यान्डमा सशस्त्र बलका परिवारको हेरचाह र सहायता प्रदान गर्न मद्दत गर्नेछ, र हामी एनएचएस वेल्स र एनएचएस नर्दर्न आयरल्यान्डसँग यस प्रश्नावलीको अज्ञात परिणामलाई साझा गर्नेछौं जसले गर्दा उनीहरूले विचार गर्न सकुन कि उनीहरूले कसरी आफ्नो सशस्त्र बल परिवारलाई सहायता गर्न सक्छन्।

## हामीले तपाईंलाई के गराउन चाहन्छौं?

हामी चाहन्छौं कि तपाईं यस प्रश्नावलीमा भरेर आफ्नो राय, अनुभव र विचार साझा गर्नुहोस्।

कृपया प्रश्नावलीको 'अबाउट यु' सेक्सनबाट सुरु गर्नुहोस्। प्रश्नावली लामो देखिन्छ, तर यो यसकारण हो किनभने हामी विभिन्न समुहका मानिसहरूबाट विचार सङ्ग्रह गर्दैछौं। तपाईंले आफुसँग सम्बन्धित खण्डहरूको उत्तर दिन आवश्यक छ, जुन गर्नका लागि लगभग 10 मिनेट समट लाग्ने छ।

हामीले वास्तवमा तपाईंको विचार र समयलाई महत्त्व दिन्छौं।

कोभिड-19 हमामारीको कारण, हामीले तपाईंसँग आमने-सामने कुरा गर्ने तरिका परिवर्तन गर्दै छौ। हामीले केही अनलाइन मिटिङ र कार्यक्रम आयोजना गर्दैछौ, हामीले आशा गर्दछौं कि तपाईं त्यसमा सहभागी हुनुहुनेछ र आफ्नो विचार राख्नुहुन्छ। थप जानकारीका लागि, कृपया हेर्नुहोस्: https://www.engage.england.nhs.uk/survey/health-and-wellbeing-support-armed-forces-families/ वा इमेल nelcsu.armedforcesfamilies@nhs.net.

सोसल मिडिय, फेसबुक, ट्विटर, इन्स्टाग्राम र अन्य सोसल मिडिया आउटलेट [इन्सर्ट ह्यासट्याग] मा हाम्रो अपडेट हेर्नुहोस्।

## हामीलाई कहिले तपाईंखो प्रतिक्रिया चाहिन्छ?

कृपया आफ्नो प्रतिक्रिया 30 नोभेम्बर 2020 सम्म पठाउनुहोस्।

## संलग्नता पछि के हुन्छ?

सबै संलग्न गतिविधिहरूको प्रतिक्रियालाई स्वतन्त्र रूपले विश्लेषण गरिन्छ र प्रतिवेदनमा लेखिन्छ। भविष्यमा सशस्त्र बल परिवारका लागि के सहायता गरिनेछ, यसलाई आकार दिनका लागि निर्यणकर्ताहरूसँग साझा गरिन्छ। यसलाई लागु गर्नका लागि सशस्त्र बलका परिवारहरूसँग चलिरहेको कुराकानीको आवश्यकता हुनेछ जसले गर्दा यो सुनिश्चित गर्न सकिन्छ कि हामी त्यसलाई ठिक गरिरहेका छौं।

संलग्नताको प्रतिक्रिया प्रतिवेदन सार्वजनिक रूपमा उपलब्ध गराइनेछ र जसले आफ्नो प्रतिक्रिया दिएका थिए उनीहरूसँग साझा गरिनेछ। हामीले यो पनि सुनिश्चित गर्छौं कि भविष्यमा यस कार्यमा संलग्न हुने अवसरहरू व्यापक रूपमा बढाइएनेछ जसले गर्दा हामी सकेसम्म बढीभन्दा बढी व्यक्तिहरूबाट सुन्न सक्छौं।

## कृपया हामीलाई आफ्नो टिप्पणी र प्रतिक्रिया पठाउनुहोस्।

कृपया हाम्रो प्रश्नावली अनलाइन भर्नुहोस्। वैकल्पिक रूपले, तपाईंले फोनद्वारा प्रश्नावली पुरा गर्नसक्नुहुन्छ वा हामीलाई आफ्नो टिप्पणी इ-मेल मार्फत पठाउन सक्नुहुन्छ।

| | |
|---|---|
| **इ-मेल बाट:** | nelcsu.armedforcesfamilies@nhs.net |
| **इन्टरनेटमा:** | https://www.engage.england.nhs.uk/survey/health-and-wellbeing-support-armed-forces-families/ |
| **फोनमा:** | 0203 688 1653 |
| **फ्रिपोस्ट द्वारा:** | एनएचएस आर्म्ड फोर्सेस फ्यामिलिज |

यदि तपाईं यस प्रश्नावलीको बारेमा थप जानकारी प्राप्त गर्न चाहनु हुन्छ भने, कृपया हाम्रो वेबसाइट हेर्नुहोस्: https://www.engage.england.nhs.uk/survey/health-and-wellbeing-support-armed-forces-families/

## हामी को छौं

एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधार इङ्ल्यान्डमा एनएचएसको नेतृत्व गर्ने संगठन हो। यो एनएचएसको प्राथमिकता र दिशालाई निर्धारण गर्नका लागि जिम्मेवार छ।

## गोपनियता

यस प्रश्नावलीले एनएचएसलाई सशस्त्र बलका परिवारको हेरचाह र सयायतामा सुधार गर्न सहयोग गर्नेछ।

- यस प्रश्नावलीमा तपाईंले दिनुभएको जानकारी एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधारको तर्फबाट एनइएल कमिसन सपोर्ट युनिटद्वारा प्रशोधन गरिनेछ र यसलाई सबभन्दा बढी गोप्य तरिकाले नियन्त्रण गरिनेछ।
- व्यक्तिहरूको जवाफ एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधारका लागि उपलब्ध गराइनेछ, तर पताईंको नाम र तपाईंलाई पहिचान गर्न सक्ने कुनै पनि डेटा हटाइनेछ। यदि तपाईंले चाहनुहुन्न भने तपाईंले आफ्नो नाम दिनु पर्दैन, हामी तैपनि तपाईंको विचारलाई स्वागत गर्नेछौं। व्यक्तिको नाम वा पहिचान खुल्ने डेटा कुनै पनि प्रतिवेदनमा साझा वा प्रस्तुत गरिने छैन।
- संगठनको तर्फबाट दिइएको प्रतिक्रियालाई एनएचएस इङ्ल्यान्ड र एनएचएस सुधारका लागि उपलब्ध गराइनेछ। त्यसलाई सार्वजनिक रूपमा पनि उपलब्ध गराइनेछ। कुनै पनि संगठनको तर्फबाट दिइएको प्रतिक्रियामा कुनै गोपनीय वा संवेदनशील डेटा समावेश हुनुहुँदैन।
- उपलब्ध गराइएको प्रतिक्रियाको उपयोग रिपोर्ट बनाउनका लागि गरिनेछ जुन सशस्त्र बलका परिवारका लागि एनएचएस स्वास्थ्य सेवाको बारेमा मानिसहरूको विचार र अनुभवको सारांश दिन्छ र यसमा सुधारको आवश्यकता छ। हामी संलग्नताको बारेमा आफ्नो अन्तिम प्रतिवेदनमा प्रतिक्रियाहरूबाट उद्धरणहरूको प्रयोग गर्न सक्छौं, तर ती अज्ञात हुनेछन्।

# के तपाईंलाई सहयोगको आवश्यकता छ?

सशस्त्र बलको समुदायका लागि उपलब्ध स्वास्थ्य सेवाको जानकारी एनएचएसको वेबसाइटमा उपलब्ध छ: https://www.nhs.uk/using-the-nhs/military-healthcare/

थप जानकारी वा सहयोगका लागि, कृपया इ-मेल गर्नुहोस् england.armedforceshealth@nhs.net

**यदि तपाईं इङ्ल्यान्डमा बस्ने सशस्त्र बलका परिवारको सदस्य हुनुहुन्छ भने, एनएचएस जिपीसँग दर्ता गर्नुहोस्।**
यदि तपाईं इङ्ल्यान्डमा बस्नु हुन्छ र डिफेन्स मेडिकल सर्भीस जिपीको सट्टा एनएचएस जिपीसँग दर्ता हुन चाहनुहुन्छ भने, उपचारका लागि तबसम्म प्रतिक्षा गर्न जरुरी हुन्छ, जबसम्म तपाईंलाई उपचारको जरुरी हुँदैन। आफ्नो स्थानीत्र क्षेत्रमा जिपी अभ्यास खोज्नका लागि www.nhs.uk हेर्नुहोस्।

जिपी अभ्यासमा दर्ता गर्नु सरल छ- मात्र तपाईंलाई मनपर्ने जिपी अभ्यासमा सम्पर्क गर्नुहोस् र उनीहरूको बिरामीको सूचीमा समावेश हुन भन्नुहोस्। तपाईंलाई एउटा फारम भर्नका लागि सोधिनेछ ताकि तपाईंको मेडिकल रेकर्ड अभ्यासमा स्थानान्तरित गर्न सकिन्छ। सुनिश्चित गर्नुहोस् कि तपाईंले उनीहरूलाई भन्नुभएको छ कि तपाईं सशस्त्र बलका

परिवारको सदस्य हुनुहुन्छ, त्यसैले यसलाई बिरामीको नोटमा जोड्न सकिन्छ। यसले सुनिश्चित गर्नमा मद्दत गर्दछ कि तपाईंसँग सशस्त्र बल अनुबन्ध अनुरूप व्यवहार गरिन्छ।

**कोभिड-19 को बेला एनएचएस रेखदेख र सहायतासम्म पहुँच हुनु**
हालको महिनामा एननएचएसले ठूलो दबाव अनुभव गरेको छ, सेवा खुल्ला छ र यदि तपाईं अस्वस्थ्य हुनुहुन्छ भने तपाईंलाई रेखदेख र उपचारका लागि प्रोत्साहित गरिनेछ। धेरैजसो सेवाहरू बिरामीलाई व्यक्तिगत रूपले हेरिरहेका छन्, जब कि अन्य भर्चुअल भेटघाट र परामर्श प्रदान गरिरहेका छन् जस्तै स्काइए वा टेलिफोनबाट।

# प्रश्नावली

## परिचय

**हामी सशस्त्र बलका कर्मचारी, अनुभवी र उनीहरूका परिवारसँ काम गरेका छौं ताकि उनीहरूको समुहका व्यक्तिहरूको वर्णन गर्ने सही तरिका खोज्न सकिन्छ जो यस प्रश्नावलीको जवाफ दिन सक्छन्। तपाईं आफूलाई निम्नमध्ये एक मान्न सक्नुहुन्छ:**

| | |
|---|---|
| A. **वर्तमान सशस्त्र बल कर्मचारि (नियमित** – ब्रिटिस सशस्त्र बलमा सेवारत कर्मचारीहरू | कृपया सेक्सन 1, 2, 4 र 5 पुरा गर्नुहोस् |
| B. **वर्तमान सशस्त्र बल कर्मचारी (रिजर्भिस्ट)** –ब्रिटिस सशस्त्र बलमा सेवारत कर्मचारी | कृपया सेक्सन 1, 2, 4 र 5 पुरा गर्नुहोस् |
| C. **भूतपूर्व** – जो कोही पनि एक दिन वा त्यसभन्दा बढी समयसम्म ब्रिटिस सशस्त्र बलको सदस्य रहेका छन्। यसको अर्थ पूर्व-सेवाकर्मी जस्तै हो र यसमा रिजर्भिस्ट र नियमित समावेश छ। एकरूपताका लागि, हामीले यस प्रश्नावलीमा 'भूतपूर्व' प्रयोग | कृपया सेक्सन 1, 2, 4 र 5 पुरा गर्नुहोस् |
| D. **सशस्त्र बलका परिवारको सदस्य** – जब हामी यस दस्तावेजमा सशस्त्र बलका परिवारको उल्लेख गर्छौं, हाम्रो मतलब सेवारत र भूतपूर्व (नियमित र रिजर्भिस्ट) परिवार र साझेदार, पत्नी, पति, | कृपया सेक्सन 1, 2, 4 र 5 पुरा गर्नुहोस् |
| E. **सशस्त्र बलको च्यारिटी, मुख्यधारको च्यारिटी वा स्वेच्छिक क्षेत्र संगठनको प्रतिनिधि** जसले सशस्त्र बलको समुदायलाई समर्थन गर्दछ, विशेष गरेर सेवारत र पूर्व-सेवा कर्मचारीको | कृपया सेक्सन 1, 3 र 4 पुरा गर्नुहोस् |
| F. **अन्य** | कृपया सेक्सन 1, 3 र 4 पुरा गर्नुहोस् |

## परिभाष

यहाँ केही परिभाषाहरू छन् जसले तपाईंलाई सहयोग गर्नसक्छ जब तपाईं यो प्रश्नावली पुरा गर्नुहुन्छ:

**सशस्त्र बलका कर्मचारी, भूतपूर्व, र उनीहरूका परिवारका लागि स्वास्थ्य सेवा**

सशस्त्र बलको स्वास्थ्यका लागि जम्मेवारीलाई एमओडी र एनएचएएस बिच विभाजन गरिएको छ, जुन स्वास्थ्य सेवाको प्रकारमा निर्भर गर्दछ, ती मानिसहरूको समूह जसका लागि सेवा प्रदान गरिन्छ, जहाँ व्यक्तिहरू बस्छन्, र उनीहरूले बनाएको विकल्प।

**डिफेन्स मेडिकल सर्भिसेज (डिएमइस)** एमओडीद्वारा लगानी गरिएको। उनीहरूले सेवारत कर्मचारीहरूका लागि चिकित्सा सेवा प्रदान गर्दछन् जसमा जिपी, सामुदायिक र असंगत मानसिक स्वास्थ्य, दन्त चिकित्सा, व्यावसायिक स्वास्थ्य र पुनर्वास सेवा समावेश छन्। योग्य सेवारत परिवार यी चिकित्सा सेवाहरूमध्ये केहीको उपयोग गर्न सक्छन् जहाँ उनीहरूलाई स्टेसन मेडिकल सेन्टर प्रदान गरिन्छ, तर यसमा युकेमा दन्त चिकित्सा सेवा समावेश छैनन्। डिएमएसले विदेशमा सेवा प्रदान गर्नेका लागि स्वास्थ्य सेवा पनि प्रदान गर्दछ। थप जानकारी www.gov.uk website [5]मा उपलब्ध छन्।

इङ्ल्यान्डमा**एनएचएस** नन-मोबिलाइज्ड रिजर्भिस्ट, भूतपूर्व, र सेवारत कर्मचारीहरूका परिवारका लागि उत्तम स्वास्थ्य सेवा प्रदान गर्दछ जसले एनएचएस जिपी अभ्यासमा दर्ता गरेका छन्। यसमा जिपी, दन्त, नेत्ररोग (आँखाको हेरचाह), अस्पताल र विशेषज्ञ सेवा (जस्तै, क्यान्सर र स्ट्रोक केयर), साथै भूतपूर्वका लागि समर्पित मानसिक स्वास्थ्य र कृत्रिम सेवा समावेश छन्। थप जानकारी एनएचएस वेबसाइटम [6]मा उपलब्छ छन्।

**सशस्त्र बल च्यारिटी** सशस्त्र बल समुदायका लागि कतिपय सेवा पनि प्रदान गर्दछ।

**सशस्त्र बल समुचाय** – जब हामीले सशस्त्र बललाई उल्लेख गर्छौं समुदाय, यसको अर्थ सेवारत कर्मचारी (नियमित र रिजर्भिस्ट), भूतपूर्व र उनीहरूका परिवार भनेर बुझ्छौं।

**एनएचएस दीर्घकालिन योजना** जनवरी 2019 मा प्रकाशित भएको थियो र एनएचएसका लागि 10 वर्षको योजना छ। यसले 2029 सम्म एननएचएचका लागि प्राथमिकता तय गर्दछ।

## यदि तपाईं वा तपाईंको कोही परिचित यस दस्तावेजलाई पढ्न सक्दैन भने, कृपया हामीलाई इमेलद्वारा सम्पर्क गर्नुहोस: nelcsu.armedforcesfamilies@nhs.net वा फोन गर्नुहोस् 0203 688 1653 र हामी उपयुकत ढाँचा वा भाषामा जानकारी प्रदान गर्नका लागि पुरा कोशिश गर्नेछौं।